**अकला दुग्ध उत्पादक सहकारी संस्था लि.**

बौदिकाली-२, डेढगाउँ, नवलपरासी (ब.सु.पू.)

गण्डकी प्रदेश, नेपाल

# कालीगण्डकी करिडोर केन्द्रिय पशुपन्छी तथा मत्स्य उत्पादन तथा प्रबर्दन कार्यक्रम अन्तर्गत उन्नत जातको भैसी खरिद कार्य सम्बन्धी

# विस्तृत सूचना तथा बोलपत्र फारम

ठेक्का नं. ADUSSL/NCB/GOODS/01/2082/83

# अकला दुग्ध उत्पादक सहकारी संस्था लि.

बौदिकाली-२, डेढगाउँ, नवलपरासी (ब.सु.पू.)
गण्डकी प्रदेश, नेपाल

**प्रकाशित मिति: २०८३/०१/१४**

**उन्नत जातको भैसी खरिद कार्य सम्बन्धी सूचना**

यस अकला दुग्ध उत्पादक सहकारी संस्था लि. ले कालीगण्डकी करिडोर केन्द्रिय पशुपन्छी तथा मत्स्य उत्पादन तथा प्रबर्दन कार्यक्रम अन्तर्गत उन्नत जातको भैसी खरिद कार्य गर्ने प्रयोजनका लागि उन्नत जातको भैसी खरिद गर्नुपर्ने भएकाले कानुनी रूपमा वैधता प्राप्त सेवा प्रदायक सहकारी संस्था/ दर्ता भएका निजी फर्मबाट तपशिल बमोजिमको स्पेसिफिकेसन भएको उन्नत जातको भैसी उपलब्ध गराउन इच्छुक सेवा प्रदायकहरूबाट बोलपत्र आह्वान गरिएको छ।

नियमानुसार यस सहकारीको कार्यालयबाट रु. ३०००.०० राजस्व बुझाई बोलपत्र फाराम खरिद गरी तपसिलमा उल्लेखित विवरण अनुसारको भैसी उपलब्ध गाराउन इच्छुक सहकारी संस्था/निजी फर्महरुले आबस्यक सम्पूर्ण कागजातहरु संलग्न राखी मिति २०८३/०२/१३ गते १२:०० बजे भित्र यस सहकारीको कार्यालयमा बोलपत्र पेश गर्न सम्बन्धित सबैमा जानकारी गराइन्छ।

तपशिल

| क्र. सं. | ठेक्का नं. | विवरण | बोल कबोलको अनुमानित लागत रकम (ने.रु.) | जमानत रकम (ने.रु.) |
|---|---|---|---|---|
| ०१ | ADUSSL/NCB/GOODS/01/2082/83 | -खरिद गर्नुपर्ने भैसिको संख्या-१८<br>-मुर्रा क्रस (प्राबिधिक स्पेसिफिकेसन अनुसार) | २०,८९,९८०.००/- | ५०,०००.००/- रकम जम्मा गर्नु पर्ने खाता नं. ११८१०२०१२१७५६१००००००१ बैंकको नाम: मुक्तिनाथ बिकास बैंक, खातावालाको नाम: अकला दुग्ध उत्पादक सहकारी संस्था लि. |

(नोटः विस्तृत सूचना यस कार्यालयको website: www.baudikalimun.gov.np मा समेत हेर्न सकिनेछ। सम्पर्क नं.: +९७७-९८४६६-५९०३७)

**अध्यक्ष**

# अकला दुग्ध उत्पादक सहकारी संस्था लि.

बौदिकाली-२, डेढगाउँ, नवलपरासी (ब.सु.पू.)
गण्डकी प्रदेश, नेपाल

**<u>बोलपत्र सम्बन्धी शर्तहरुः</u>**

- फर्मको (नवीकरण भएको दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर प्रमाणपत्र, आ.व. ०८१/०८२ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि) सहित बोलपत्र फाराम दस्तुर वापत रु. ३,०००.०० (तिन हजार रुपैयाँ) यस कार्यालयको Muktinath Bikash Bank शाखा डेढगाउँमा रहेको खाता नं. ११८१०२०१२१७५६१०००००१ मा नगद जम्मा गरेको भौचर साथ निवेदन पेश गरी यो सूचना पहिलो पटक प्रकाशित भएको मितिले ३० औं दिन अर्थात मिति २०८३/०२/१२ गते कार्यालय समयभित्र खरिद गर्न सकिनेछ। तोकिएको बोलपत्र दस्तुर जम्मा गरेको भौचर बोलपत्र कागजात साथ पेश गर्नुपर्नेछ। खरिद गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा सोपछि कार्यालय खुल्ने पहिलो दिन उक्त कार्य गरिनेछ।
- बोलपत्र फाराम नियमानुसार यस सहकारी संस्थाको तोकिएको ढाँचामा भरी बोलपत्रदाताले संस्था, फर्म वा कम्पनीको व्यवसाय दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर प्रमाणपत्र तथा आर्थिक वर्ष ०८१/०८२ को करचुक्ता प्रमाणपत्र वा म्याद थप भएको पत्र, बोलपत्रका लागि योग्य रहेको तथा कुनै कसुरमा सजाय नपाएको भनी स्वघोषणा पत्र, सम्बन्धित कार्यका लागि अख्तियारी पत्र लगायत आवश्यक कागजात संलग्न गरी सूचना प्रकाशित भएको मितिले ३१ औं दिन अर्थात मिति २०८३/०२/१३ गते दिनको १२:०० बजेसम्म बोलपत्र पेश गर्नुपर्नेछ। प्राप्त बोलपत्र सोही दिन १३:०० बजे यस कार्यालयमा बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ। बोलपत्रदाता वा प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन।
- बोलपत्र फाराम भरी पेश गर्दा कबोल गरेको रकम अङ्क र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ तथा तोकिएको धरौटी रकम रु. ५०,०००.०० (पचास हजार रुपैयाँ) यस सहकारी संस्थाको Muktinath Bikash Bank बौदीकाली शाखामा रहेको धरौटी खाता नं. ११८१०२०१२१७५६१०००००१ मा जम्मा गरेको सक्कल बैंक भौचर वा मान्यता प्राप्त वाणिज्य बैंक वा सो जारि गर्न मान्यता प्राप्त निकायबाट यस संस्थाको नाममा जारी गरिएको कम्तीमा बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट ३० दिनसम्म म्याद भएको बैंक जमानत पत्र (Bid Bond) पेश गर्नुपर्नेछ। कबोल रकम अङ्क र अक्षरमा फरक परेमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिइनेछ।
- बोलपत्रदाताहरूलाई योग्यता मापदण्ड (Qualification Criteria) पुष्टि गर्न आवश्यक समर्थन कागजातहरू संलग्न गर्न सूचित गरिन्छ।
- बोलपत्रहरू उल्लेखित मिति र समयमा बोलपत्रदाताका प्रतिनिधिहरू उपस्थित हुन चाहेमा यस सहकारी संस्थाको कार्यालय, बौदिकाली-२, डेढगाउँ, खहरे, बसपार्क, नवलपरासी (ब.सु.पू.) मा खोलिनेछ।
- यस कार्यालयले कुनै कारण नदेखाई कुनै वा सम्पूर्ण बोलपत्रहरू पूर्ण वा आंशिक रूपमा स्वीकार वा अस्वीकार गर्ने अधिकार सुरक्षित राखेको छ।

# अकला दुग्ध उत्पादक सहकारी संस्था लि.

बौदिकाली-२, डेढगाउँ, नवलपरासी (ब.सु.पू.)
गण्डकी प्रदेश, नेपाल

- बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा बिदा पछिको पहिलो कार्यालय खुलेको दिन पेश गर्न सकिने व्यहोरा समेत जानकारी गराइन्छ।
- अन्य सबै शर्तहरू नेपाल सरकारको प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम लागू हुनेछन्।

<u>सेवा सम्बन्धि शर्तहरु:</u>

- उन्नत जातको भैसी खरिदको लागि प्राबिधिक स्पेसिफिकेसन

| क्र.स. | सूचकहरु | स्पेसिफिकेशन |
|---|---|---|
| १ | जात | मुर्रा क्रस (मुर्रा जातको भैसीको फेनोटाइपिक विशेषता मिल्ने) |
| २ | उमेर | ३ देखि ५ वर्ष |
| ३ | दुध उत्पादन क्षमता | दैनिक कम्तिमा ५ देखि १० लिटर |
| ४ | शाररिक तौल | न्यूनत्तम २०० के.जी र अधिकत्तम ४०० के.जी |
| ५ | बाह्यय शारीरिक बिशेषता | • कालो वा कालो खैरो रङ्ग ।<br>• छोटो र घुम्रिएको सिङ ।<br>• राम्रो सँग विकसित कल्चौडो र थुन ।<br>• मिल्क भेन स्पष्ट देखिने । |
| ६ | अन्य स्वास्थ्य अवस्था तथा कागजात | • नियमित खोप (FMD,HS&BQ) लगाएको प्रमाणित खोप कार्ड<br>• पशु चिकित्साद्धार प्रमाणित निरोगिताको प्रमाणपत्र प्राप्त गरेको |

- भैसी सहकारी संस्थाले तोकेको स्थानमा बुझाएपछि प्राविधिक टोलीबाट निरीक्षण गरिनेछ। प्राविधिक स्पेसिफिकेसन पूरा नगरेको भैसी अस्वीकार गरिनेछ र सेवा प्रदायकले सोको सट्टा नयाँ भैसी उपलब्ध गराउनुपर्नेछ।
- भुक्तानी पूर्ण रूपमा भैसी आपूर्ति, निरीक्षण तथा प्राविधिक स्वीकृति पश्चात मात्र गरिनेछ।
- भेटेरिनरी अस्पताल तथा पशु सेवा कार्यालय, नवलपसारी(ब.सु.पू.) मार्फत सम्झौता बमोजिम भुक्तानी हुने रकम प्राप्त भए पश्चात सम्बन्धित फर्मलाई नियमानुसार भुक्तानी गरिने छ।
- आपूर्ति गरिएका भैसीहरू कम्तीमा ३० दिनसम्म स्वस्थ अवस्थामा रहनुपर्नेछ। सो अवधिभित्र कुनै भैसी बिरामी वा मरेमा सेवा प्रदायकले निःशुल्क प्रतिस्थापन गर्नुपर्नेछ।

# अकला दुग्ध उत्पादक सहकारी संस्था लि.

बौदिकाली-२, डेढगाउँ, नवलपरासी (ब.सु.पू.)
गण्डकी प्रदेश, नेपाल

- यस खरिद कार्यको कार्य सम्पन्न गर्नुपने समयावधि २०८३ जेष्ठ मसान्तसम्म रहने छ।
- सेवा प्रदायकले भैसी ढुवानी गर्दा सम्पूर्ण ढुवानी खर्च, जोखिम तथा बीमा स्वयं व्यहोर्नुपर्नेछ। ढुवानीको क्रममा भैसीमा कुनै क्षति/मृत्यु भएमा सम्पूर्ण जिम्मेवारी सेवा प्रदायककै हुनेछ।
- भैसी खरिद तथा ढुवानी गर्दा पशु कल्याण सम्बन्धी मापदण्ड पालना गर्नुपर्नेछ।
- प्राकृतिक प्रकोप, महामारी, बन्द/हडताल जस्ता नियन्त्रण बाहिरका कारणले कार्य प्रभावित भएमा दुवै पक्षको सहमतिमा समयावधि थप गर्न सकिनेछ।
- सम्झौता अनुसार समयमै भैसी आपूर्ति नगरेमा प्रति दिन ०.०५% प्रतिशत बढिमा १०% जरिवाना लाग्नेछ। ढिलाइ अत्यधिक भएमा सम्झौता रद्द गर्न सकिनेछ।
- यस सूचनामा उल्लेख नभएका विषयहरू तथा कार्यान्वयनको क्रममा उत्पन्न हुन सक्ने कुनै द्विविधा वा विवादको हकमा नेपाल सरकारका प्रचलित कानुन, नियम तथा सार्वजनिक खरिद ऐन/नियमावली बमोजिम निर्णय गरिनेछ।

## अकला दुग्ध उत्पादक सहकारी संस्था लि.

बौदिकाली-२, डेढगाउँ, नवलपरासी (ब.सु.पू.)
गण्डकी प्रदेश, नेपाल

# बोलपत्र फारम

ठेक्का नं. ADUSSL/NCB/GOODS/01/2082/83

# अकला दुग्ध उत्पादक सहकारी संस्था लि.

बौदिकाली-२, डेढगाउँ, नवलपरासी (ब.सु.पू.)
गण्डकी प्रदेश, नेपाल

## विषयः बोलपत्र पेश गरेको बारे

महोदय

उपरोक्त संबन्धमा तहाँ सहकारी संस्थाको मिति २०८३/०१/१४ गते प्रकाशित सूचना अनुसार आ.व. २०८२/८३ को लागि उन्नत जातको भैसी खरिद गर्ने कार्यको ठेक्का प्रतिस्पर्धाको लागि संलग्न शर्त बन्देज तथा जानकारी आध्ययन गरि निम्न विवरण खोलि यो बोलपत्र पेश गरेको छु । मेरो बोलपत्र स्वीकृत भएमा त्यस सहकारी संस्था द्वारा निर्देशित शर्त तथा नियमहरु पालना गरि उक्त कार्य गर्न इच्छुक रहेको व्यहोरा अनुरोध गर्दछु ।

यस फर्मले ठेक्का लिन चाहेको ठेक्काको विवरण र कबोल अंक यस प्रकार रहेको छ ।

**तपसिलः**

| **ठेक्का नं.** | **कामको विवरण** | **इकाई** | **परिमाण (क)** | **दर (ख)** | | **कुल जम्मा रकम (कxख)** | **धरौटी रकम** |
|---|---|---|---|---|---|---|---|
| | | | | **अंकमा** | **अक्षरमा** | | |
| ठेक्का नं. ADUSSL/ NCB/ GOODS/ 01/2082/83 | मुर्रा क्रस (प्राबिधिक स्पेसिफिकेसन अनुसार) | संख्या | १८ | | | | ५०.०००.००/– |

**संलग्न कागजातहरुः–**

१. फर्मको (आवस्यक सम्पूर्ण कागजातहरु) ।

फर्म:
ठेगाना:
सम्पर्क नं.:
सहि:
फर्मको छाप:

# अकला दुग्ध उत्पादक सहकारी संस्था लि.

बौदिकाली-२, डेढगाउँ, नवलपरासी (ब.सु.पू.)
गण्डकी प्रदेश, नेपाल

<u>सेवा सम्बन्धि शर्तहरु:</u>

- उन्नत जातको भैसी खरिदको लागि प्राबिधिक स्पेसिफिकेसन

| **क्र.स.** | **सूचकहरु** | **स्पेसिफिकेशन** |
|---|---|---|
| १ | जात | मुर्रा क्रस (मुर्रा जातको भैसीको फेनोटाइपिक विशेषता मिल्ने) |
| २ | उमेर | ३ देखि ५ वर्ष |
| ३ | दुध उत्पादन क्षमता | दैनिक कम्तिमा ५ देखि १० लिटर |
| ४ | शाररिक तौल | न्यूनत्तम २०० के.जी र अधिकत्तम ४०० के.जी |
| ५ | बाह्यय शारीरिक बिशेषता | • कालो वा कालो खैरो रङ्ग ।<br>• छोटो र घुम्रिएको सिङ ।<br>• राम्रो सँग विकसित कल्चौडो र थुन ।<br>• मिल्क भेन स्पष्ट देखिने । |
| ६ | अन्य स्वास्थ्य अवस्था तथा कागजात | • नियमित खोप (FMD,HS&BQ) लगाएको प्रमाणित खोप कार्ड<br>• पशु चिकित्साद्धार प्रमाणित निरोगिताको प्रमाणपत्र प्राप्त गरेको |

- भैसी सहकारी संस्थाले तोकेको स्थानमा बुझाएपछि प्राविधिक टोलीबाट निरीक्षण गरिनेछ। प्राविधिक स्पेसिफिकेसन पूरा नगरेको भैसी अस्वीकार गरिनेछ र सेवा प्रदायकले सोको सट्टा नयाँ भैसी उपलब्ध गराउनुपर्नेछ।
- भुक्तानी पूर्ण रूपमा भैसी आपूर्ति, निरीक्षण तथा प्राविधिक स्वीकृति पश्चात मात्र गरिनेछ।
- भेटेरिनरी अस्पताल तथा पशु सेवा कार्यालय, नवलपसारी(ब.सु.पू.) मार्फत सम्झौता बमोजिम भुक्तानी हुने रकम प्राप्त भए पश्चात सम्बन्धित फर्मलाई नियमानुसार भुक्तानी गरिने छ।
- आपूर्ति गरिएका भैसीहरू कम्तीमा ३० दिनसम्म स्वस्थ अवस्थामा रहनुपर्नेछ। सो अवधिभित्र कुनै भैसी बिरामी वा मरेमा सेवा प्रदायकले निःशुल्क प्रतिस्थापन गर्नुपर्नेछ।
- यस खरिद कार्यको कार्य सम्पन्न गर्नुपने समयावधि २०८३ जेष्ठ मसान्तसम्म रहने छ।
- सेवा प्रदायकले भैसी ढुवानी गर्दा सम्पूर्ण ढुवानी खर्च, जोखिम तथा बीमा स्वयं व्यहोर्नुपर्नेछ। ढुवानीको क्रममा भैसीमा कुनै क्षति/मृत्यु भएमा सम्पूर्ण जिम्मेवारी सेवा प्रदायककै हुनेछ।
- भैसी खरिद तथा ढुवानी गर्दा पशु कल्याण सम्बन्धी मापदण्ड पालना गर्नुपर्नेछ।

# अकला दुग्ध उत्पादक सहकारी संस्था लि.

बौदिकाली-२, डेढगाउँ, नवलपरासी (ब.सु.पू.)
गण्डकी प्रदेश, नेपाल

- प्राकृतिक प्रकोप, महामारी, बन्द/हडताल जस्ता नियन्त्रण बाहिरका कारणले कार्य प्रभावित भएमा दुवै पक्षको सहमतिमा समयावधि थप गर्न सकिनेछ।
- सम्झौता अनुसार समयमै भैसी आपूर्ति नगरेमा प्रति दिन ०.०५% प्रतिशत बढिमा १०% जरिवाना लाग्नेछ। ढिलाइ अत्यधिक भएमा सम्झौता रद्द गर्न सकिनेछ।
- यस सूचनामा उल्लेख नभएका विषयहरू तथा कार्यान्वयनको क्रममा उत्पन्न हुन सक्ने कुनै द्विविधा वा विवादको हकमा नेपाल सरकारका प्रचलित कानुन, नियम तथा सार्वजनिक खरिद ऐन/नियमावली बमोजिम निर्णय गरिनेछ।

बोलपत्रदाताको नाम:
ठेगाना:
हस्ताक्षर:
मिति: